# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७९/०८०

चलानी नं.: १५६६

मितिः २०७९।९।२९

विषयः निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।
श्रीमान् प्रमुखज्यू/ श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।
श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।
बनेपा नगरपालिका ।
श्री ... ... .... ... ...शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९ पौष २१ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कार्यार्थ

श्री सूचना प्रविधि अधिकृत

बनेपा नगरपालिका । – *वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने ।*

शिवप्रसाद हुमेगाई
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : १३

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०७९ पौष २१ गते बिहिबार दिनको २:०० वजे नगर कार्यपालिका कार्यालयको प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसि विभिन्न निर्णयहरु गरियो ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रवहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | अनुपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री शिवप्रसाद हुमेगाई<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

छलफलका विषयहरु:

१. विषयगत समितिहरुबाट सिफारिस भएका कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा,

२. घर भवन नक्सा नियमित गर्ने सम्बन्धमा,

३. घर भवन बनाउँदा सेफ्टिटैंक अनिवार्य गर्ने नीति कार्यान्वयन सम्बन्धमा,

४. घर नक्सा अभिलेख डिजिटाइज गर्ने सम्बन्धमा,

५. यस नगरपालिकाका कानूनी सल्लाहकारको अघिल्लो आ.व.को पारिश्रमिक भुक्तानी तथा पारिश्रमिक पुनरावलोकन सम्बन्धमा,

६. राजस्व परामर्श समितिबाट भएका सिफारिस सम्बन्धमा,

७. समपुरक तथा विशेष अनुदानका लागि योजना छनौट सम्बन्धमा,

८. बासडोल निर्माण सेवा सप्लायर्स र ग्लोवल कन्ट्रक्सन एण्ड वाटर सप्लायर्स प्रा.लि. ले ठेक्कामा सम्झौता गरेको वडा नं. १० को खानेपानी आयोजनाहरुको अन्तिम बिल भुक्तानी सम्बन्धमा ।

९. विविध ।

-::निर्णय::-

१. बनेपा नगरपालिकाको चालु आ.व. २०७९।०८० का लागि आन्तरिक स्रोत तर्फ स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही सम्बन्धित विषयगत समितिले सिफारिस गरेका तपसिल बमोजिमका कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

अ. सामाजिक विकास समितिको बैठकबाट सिफारिस भए अनुसार:

स्वास्थ्य शाखा तर्फ:

| क्र.सं. | शीर्षक | विनियोजित बजेट |
|---|---|---|
| १ | अस्पताल तथा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन | २,०००,००० |
| २ | विशेष स्वास्थ्य सेवा संग थप विशेष कार्यहरू (मोतिविन्दु शल्यक्रिया,अपांग वालबालिकाहरूलाई शल्यक्रिया,रगत व्यवस्थापन कार्य,पाठेघर क्यान्सर,मुटुरोग,मृगौला रोग तथा अन्य रोग) सञ्चालनका लागि नगरपालिका र सम्बन्धित संघ संस्थाहरू संग हुने सम्झौता बमोजिमका कार्यहरूका लागि | ३,०००,००० |
| ३ | प्रयोगशाला व्यवस्थान | ५००,००० |
| ४ | स्वास्थ्य संस्था सञ्चालनका लागी आवश्यक पर्ने स्टेशनरी लगायतका सामाग्रीहरू व्यवस्थापन,छपाई, तथा फर्निचर व्यवस्थापन | २,०००,००० |
| ५ | विशेषज्ञ सहितको स्वास्थ्य शिविर तथा अनुसन्धान कार्य | १,०००,००० |
| ६ | नगरप्रमुख स्वास्थ्य प्रर्वद्धन कार्यक्रम | १,०००,००० |
| ७ | उपप्रमुख संग स्वस्थ किशोरकिशोरी,महिला, गर्भवती तथा सुत्केरी कार्यक्रम | १,०००,००० |
| ८ | नसर्ने रोग व्यवस्थापनका लागी औषधि खरिद | १,०००,००० |
| ९ | स्वास्थ्य संस्था सञ्चालानार्थ थप औषधि व्यवस्थापन | १,०००,००० |
| १० | स्वास्थ्य संस्थाकालागी सर्जिकल लगायतका सामाग्री व्यवस्थापन | १,०००,००० |
| ११ | स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापन कार्य | १,०००,००० |

| | | |
|---|---|---|
| १२ | स्वास्थ्य संस्था दर्ता, नविकरण तथा स्तरोन्नतीको लागि शिफारीस बैठक | २००,००० |
| १३ | वाह्य गाउंघर तथा खोप क्लिनिकमा खटिएका स्वास्थ्यकर्मीहरूलाई प्रतिव्यक्ति दैनिक रू२००। का दरले यातायात खर्च | २००,००० |
| १४ | गाउंघर क्लिनिक सुदृढिकरणका लागी सामाग्री खरिद | २५०,००० |
| १५ | ILR Freezer खरिद | १५०,००० |
| १६ | रा.म.सा.स्वा.स्व.से. प्रोत्साहन खर्च (मासिक रू २००० का दरले) | २,०१६,००० |
| १७ | रा.म.सा.स्वा.स्व.से. लाई आमा समूह बैठक संचालन वापत प्रोत्साहन खर्च २०७९ माघ महिनादेखि लागु हुने गरि (मासिक रू ५०० का दरले) | २५२,००० |
| १८ | आमा समूह पुर्नगठन चियापान खर्च | ८४,००० |
| १९ | म.स्वा.स्व.से. दिवस तथा सम्मानजनक विदाई कार्यक्रम | २५०,००० |
| २० | म.स्वा.स्व.से.कार्यक्रम अन्तरगत आमा समूहहरूलाइ्र एकदिने अभिमुखीकरण, म.स्वा.स्व.से.हरूको गोष्ठी, समिक्षा, अन्तरक्रिया, राष्टिय भिटामिन ए कार्यक्रम ) | ७००,००० |
| २१ | स्वास्थ्य संस्थाहरूलाई नगद अनुदान (प्रति संस्था रू २५,००० का दरले) | ३७५,००० |
| २२ | आयुर्वेद केन्द्रलाई प्रयोगशाला सञ्चालानर्थ आवश्यक सामाग्री व्यवस्थापन | २००,००० |
| २३ | प्रत्यक स्वास्थ्य संस्थाका लागि ल्यापटप, फोटोकपी तथा प्रिन्टर खरिद | १,०००,००० |
| २४ | बर्थिगं सेन्टर संचालन/प्रोत्साहन | ३००,००० |
| २५ | स्वास्थ्य तर्फ विभिन्न तालिम गोष्ठि, अनुगमण, निरीक्षण, बैठक सञ्चालन खर्च | १,५००,००० |
| २६ | स्तनपान कक्ष व्यवस्थापन | ३००,००० |
| २७ | स्वास्थ्य संस्था प्रमुखहरूलाई सञ्चार खर्च (मासिक रू १००० का दरले १४ वटा संस्थाका लागि) | १६८,००० |
| २८ | कोभिड १९ लगायत अन्य महामारी रोकथाम नियन्त्रण र जोखिम भत्ता समेत कार्यक्रम | ५००,००० |
| २९ | प्राथमिक उपचार किट खरिद | २००,००० |
| ३० | स्वास्थ्य क्षेत्रको आकस्मिक योजना निर्माण तथा स्वास्थ्य सेवा ऐन, निर्देशिका | २००,००० |
| ३१ | स्वास्थ्य व्यवस्थापन समितिलाई अभिमुखिकरण | ५००,००० |
| ३२ | गत आ. व. को वक्यौता रकम भुक्तानी | १२,४०० |
| ३३ | स्वास्थ्य शाखाको तालिम हल व्यवस्थापन कार्यका लागि | ३००,००० |
| ३४ | मृगौला प्रत्यारोपन, डायलाईसिस, क्यान्सर, मेरूदण्ड पक्षाघात भएका विरामीहरूको उपचार खर्च शोधभर्ना | २,७००,००० |
| ३५ | विपन्न नागरिक तथा अपांगता भएका व्यक्तीको लागि स्वास्थ्य बीमा कार्यक्रम | १,०००,००० |
| ३६ | प्रत्यक वडाहरूमा योग केन्द्र तथा व्यायाम व्यवस्थापन | १,०००,००० |
| ३७ | विपन्न नागरिक औषधी उपचार कार्यक्रम | ५००,००० |
| ३८ | विविध | १,१४२,६०० |
| | | ३०,०००,००० |

## शिक्षा शाखा तर्फका कार्यक्रमहरु:

| क्र.सं. | प्रस्तावित कार्यक्रमको नाम (आ.व. २०७९।०८०) | बजेट |
|---|---|---|
| १ | 'हाम्रो बनेपा, हाम्रो गौरव' स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन | 600,000 |
| २ | 'स्तरीय मूल्याङ्कन, हाम्रो अभियान' आधारभूत तह (कक्षा ८) र विद्यालयका अन्तिम परीक्षा सञ्चालन तथा व्यवस्थापन (SEE पूर्व तयारी परीक्षा-१,५०,०००।, कक्षा ८ नगरस्तरीय आधारभूत तह परीक्षा- ६,५०,०००।-, प्रश्नपत्र निर्माण कार्यशाला-१,५०,०००।-, कक्षा (४-७) र कक्षा ९- ५,५०,०००।- ) | 1,500,000 |
| ३ | प्रारम्भिक बालविकास सहजकर्ताहरु र विद्यालय कर्मचारीहरुको थप तलब भत्ता | 6,552,000 |
| ४ | नगरपालिकावाट संचालित वालविकास केन्द्रका सहयोगी कार्यकर्ताको तलवभत्ता तथा पोसाक खर्च व्यवस्थापन अनुदान | |

| | | |
|---|---|---|
| ५ | सामुदायिक विद्यालय सुधारमा अनुभव आदानप्रदान' घुम्ती प्र.अ./ विषयगत बैठक सञ्चालन तथा व्यवस्थापन | 500,000 |
| ६ | विद्यालयमा खेलकुद सामग्री व्यवस्थापन | 500,000 |
| ७ | तहगत तथा बिषयगत सामग्री निर्माण तथा प्रदर्शन (माध्यमिक तहको विज्ञान विषयको शैक्षिक सामग्री प्रदर्शनी -१,००,०००।-, माध्यमिक तहको गणित विषयको शैक्षिक सामग्री प्रदर्शनी -१,००,०००।-, आधारभूत तहको(६-८) शैक्षिक सामग्री प्रदर्शनी-२,५०,०००।-, आधारभूत तहको(१-५) शैक्षिक सामग्री प्रदर्शनी -२,५०,०००।-, ECD को शैक्षिक सामग्री प्रदर्शनी-२,५०,०००।-, आधारभूत तहको शैक्षिक सामग्री निर्माण कार्यशाला-३,००,०००।- | 1,250,000 |
| ८ | विद्यालय प्रशासनिक र मर्मत सम्हार (Computer तथा Digital Attendence) खर्च व्यवस्थापन (ECD-२ वटाः-१५,०००।-, कक्षा(१-३)- ३ वटाः-६०,०००।- , कक्षा(१-५)- ५ वटाः- १,२५,०००।-, कक्षा(१-८)- ६ वटाः-२,१०,०००।-, कक्षा (१-१०)- ७ वटाः- ३,५०,०००।-, कक्षा(१-१२)- ८ वटाः- ४,४०,०००।- | 1,200,000 |
| ९ | "मिसाए फोहोर, छुट्याए मोहोर' विद्यालयमा फोहोर वर्गीकरण, व्यवस्थापन र हरित विद्यालय निर्माण | 300,000 |
| १० | बालविकास केन्द्रमा शैक्षिक सामग्री निर्माण कार्यशाला | 300,000 |
| ११ | नमूना प्रारम्भिक बालविकास केन्द्रको अवलोकन भ्रमण | 300,000 |
| १२ | पाठ्यक्रम तथा शिक्षक निर्देशिका कार्यान्वयन कार्यशाला | 300,000 |
| १३ | 'उत्कृष्ट नतिजाको खोजीः हिजो, आज र भोलि'आधारभूत तह (कक्षा ५, ८, १० र १२) मा उत्कृष्ठ नतिजा ल्याउने विद्यालयलाई नगद सहित मेयर उत्कृष्ट शैक्षिक पदक कार्यक्रम | 300,000 |
| १४ | 'युवा प्रतिभा पहिचान, हाम्रो अभियान' युवा प्रतिभा पहिचान कार्यक्रम (प्रदेश कार्यक्रम) | 300,000 |
| १५ | 'बनेपाको अभियान, प्रतिभा पहिचान' नगरस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | 100,000 |
| १६ | 'सहकार्य, सहयोग र अनुभव आदानप्रदान' सामुदायिक तथा संस्थागत विद्यालयको असल अभ्यास आदान-प्रदान कार्यक्रम | 500,000 |
| १७ | पञ्चवर्षीय नगर शिक्षा योजना निर्माण कार्यशाला, विकास र छपाई | 300,000 |
| १८ | 'सिक्ने सिकाउने एकै थलोमा' शिक्षक मेन्टोरिङ्ग कार्यक्रम | 300,000 |
| १९ | विद्यालय अनुगमन तथा पृष्ठपोषण | 300,000 |
| २० | 'एकाइसौं शताब्दीको जोड, शिक्षामा ICT को प्रयोग' ICT मा शिक्षकलाई कम्प्युटर तालिम -मावि तह | 200,000 |
| २१ | 'हाम्रो विद्यालय, हाम्रो सपना' नमूना विद्यालय विकास कार्यक्रम (शैक्षिक सुधार) | 300,000 |
| २२ | 'सुधार आफैबाट गरौ' शिक्षा, युवा तथा खेलकूद शाखाका लागि Desktop Computer, Printer तथा Backup Power र व्यवस्थापन | 4,000,000 |
| २३ | शिक्षा, युवा खेलकूद शाखाका लागि विभिन्न समितिहरुको बैठक र सुपरिवेक्षण | 400,000 |
| | | 200,000 |

| | | |
|---|---|---|
| २४ | 'समयको माग, अंग्रेजी माध्यममा शिक्षण नगरको साथ' अंग्रेजी माध्यममा अध्यापन हुने विद्यालयको लागि सन्दर्भ सामग्री सहयोग | 800,000 |
| २५ | विद्यालयमा दोहोरो लेखा व्यवस्थापन अभिमूखीकरण सञ्चालन | 300,000 |
| २६ | 'हाम्रो DATA, हाम्रै लागि' IEMIS अद्यावधिक कार्यशाला सञ्चालन | 100,000 |
| २७ | 'सुशासनको लागि पारदर्शिता' बनेपा शैक्षिक बुलेटिन विकास तथा छपाई | 100,000 |
| २८ | उद्देश्यपूर्ण सिकाईका लागि योजना' शैक्षिक क्यालेन्डर तथा शिक्षक डायरी प्रकाशन | 200,000 |
| २९ | विद्यार्थी डायरी प्रकाशन तथा कार्यान्वयन | 200,000 |
| ३० | अभिभावक शिक्षा कार्यक्रम संचालन | 200,000 |
| ३१ | आधारभूत तह (१-५) बालमैत्री शिक्षण सिकाइका लागि तालिम/सामग्री निर्माण कार्यशाला सञ्चालन Follow up तथा पृष्ठपोषण | 500,000 |
| ३२ | 'हेरौ, सिकौ र परिवर्तन गरौ' नमूना विद्यालय अवलोकन भ्रमण | 700,000 |
| ३३ | विद्यालयमा सेनेटरी प्याड डिस्पोजल मेशिन व्यवस्थापन अनुदान | 600,000 |
| ३४ | विपन्न छात्रवृत्ति (घर परिवार सर्वेक्षणबाट गरिबीको रेखामुनि परेका र नेपाल सरकारको छात्रवृत्ति नपाएका) | 100,000 |
| ३५ | ECD कक्षा व्यवस्थापन तथा शैक्षिक सामग्री | 385,000 |
| ३६ | बाल क्लबको परिचालन | 100,000 |
| ३७ | विद्यालयमा खानेपानी ट्याङ्की वितरण | 120,000 |
| ३८ | **विद्यालय पूर्वाधार कार्यक्रम** | |
| | रत्नचुण्डेश्वर वाल निर्माण | 1,000,000 |
| | सृष्टिकान्त आवि भवन पूर्णता | 700,000 |
| | बनेपा आविः- खानेपानी, पर्खाल, गेट र ट्रष्ट निर्माण | 1,000,000 |
| | **जम्मा** | **28,000,000** |

## महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा तर्फका कार्यक्रमहरु:

| सि.नं | कार्यक्रमको नाम | विवरण | लागत बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | महिला सम्बन्धि कार्यक्रम | १ Gesi adit लैससास परिक्षण | २०००००। | |
| | | २. सम बिकास कार्यक्रम | ३५००००। | |
| | | ३. महिला सहकारीहरुलाई नेतृत्व बिकास कार्यक्रम | १५००००। | |
| | | **जम्मा** | **७०००००।** | |
| २ | बालबालिका सम्बन्धि कार्यक्रम | १. आमा बाबु विहिन बालबालिका संरक्षण सहयोग | २५००००। | |
| | | २. बालबालिका सम्बन्धि स्थिती पत्र तयारी | ५०००००। | |
| | | ३. बालश्रम न्यूनिकरण सम्बन्धि अभियान | १०००००। | |
| | | ४. नगर वालसंजाल तथा वडा बालसंजाल अभिमुखिकरण तथा गठन, पुर्नगठन | ३०००००। | |
| | | ५ .बालमैत्री स्थनिय शासनका सूचकहरुको बारेमा मापन वडास्तरीय सरोकारवालाहरु | ५०००००। | |
| | | ६.बालमैत्री स्थनिय शासनका सूचकहरुको अनुगमन | १०००००। | |
| | | **जम्मा** | **१७५००००।** | |
| ३ | ज्येष्ठ नागरिक सम्बन्धि | १.ज्येष्ठ नागरिक सम्मान | ३५००००। | |
| | | २. ज्येष्ठ नागरिक मिलन चौतारी निर्माण | ५५००००। | |
| | | ३. ज्येष्ठ नागरिक समिति अन्तरक्रिया | १०००००। | |
| | | **जम्मा** | **१००००००।** | |
| ४ | अपांगता सम्बन्धि | १. अपांगता भएका ब्यक्तिहरुलाई मागमा आधारित प्रार्थमिकताको आधारमासहयोग | २०००००। | |
| | | २. आवश्यक्ता अनुसार आयआर्जनमा सहयोग | १०००००। | |
| | | **जम्मा** | **३०००००।** | |
| ५ | किशोर किशोरीहरुको लागि | १. आत्मरक्षा सम्बन्धि तालिम | १७५०००। | |
| | | २. जीवन उपयोगी सीप सम्बन्धि तालिम | १५००००। | |
| | | ३. किशोरी नगर तथा वडा संजाल अन्तरक्रिया | १०००००। | |
| | | **जम्मा** | **४२५०००।** | |
| ६ | महिलासंग उपमेयर कार्यक्रम | १. सपि बिकास कार्यक्रम | ५०००००। | |
| | | २. नेतृत्व बिकास कार्यक्रम | ४०००००। | |
| | | **जम्मा** | **९०००००।** | |
| ७ | दलित जनजाती | १. उत्पीडित, दलित, आदिबासी, जनजाती, अल्पसंख्यक, बन्चीतीकरण, सिमान्तकृत, लोपोन्मूख हरुको लागि लोक सेवा तयारी तथा ब्यबस्थापन कार्यक्रम | १००००००। | |
| | | **जम्मा** | **१००००००।** | |
| | | **कुल जम्मा** | **६०७५०००।** | |

आ. आर्थिक विकास समितिको बैठकबाट सिफारिस भए अनुसार:

कृषि शाखा तर्फका कार्यक्रमहरु:

| क्र. स | कार्यक्रमको नाम | किसानबाट | बजेट अनुमानित | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम संचालनको खर्च ( वैठक, व्यवस्थापन, वितरण ,अनुगमन, रासायनिक मलको वैठक) चालु वर्ष, गत वर्षको | | ५,००००० | |
| २ | आधुनिक मौरपािलन तालिम ( ५० जना) प्राक्टिकल उपकरण सहित | | १,९०,००० | |
| ३ | मौरी घारगोला सहित वितरण ( ५०वटा)७५प्रतिशत अनुदान | | ४५०००० | |
| ४ | तरकारीको मिनिकिट वितरण (हिउँदे र वर्षे ) सबै वडामा वितरण | | ७२०,००० | |
| ५ | प्लाष्टिक टनेल वितरण (५० प्रतिशत) | | १०,००००० | |
| ६ | मल्चिङ प्लाष्टिक खेतिमा प्लाष्टिक सर्पोट (५० प्रतिशत) | | १०,००००० | |
| ७ | लहरे तरकारी बालीको लागि फेरोमेन ट्रयाप वितरण | | ५,००००० | |
| ८ | कौसी खेति तालिमका साथै विउ तथा इ.एम. वितरण | | ८,००००० | |
| ९ | कम्पोष्ट बिन वितरण (५० प्रतिशत) | | ७,००००० | |
| १० | साना सिंचाई कार्यक्रम | | ५,००००० | |
| ११ | अंगानिक खेति सम्बन्धि तालिम | | ५,००००० | |
| १२ | कृषि चुन वितरण | | ५,००००० | |
| १३ | कृषिऔजार वितरण ( ट्याक्टर, विषादी छर्ने पम्प (५० प्रतिशत) | | ९५,०००० | |
| १४ | कपकटिङ कार्यक्रम ( धान मकै,आलु) | | ५०,००० | |
| १५ | आकस्मिकबाली संम्रक्षेण तथा अनुगमन व्यस्थापन खर्च | | २,००००० | |
| १६ | रोगकिरा व्यवस्थापन तालिम | | २,००००० | |
| १७ | प्रोजेक्टर खरिद ( कृषि शाखाको विभिन्न कार्यक्रम प्रस्तुतिकरण ) को लागि | | ८०,००० | |
| १८ | संस्थागत सहकार्यमा कार्यक्रम संचालन लागत सहभागिताको लागि | | ३०,००००० | |
| | जम्मा | | १,१८,४०००० | |

प्रमुख प्रशासकीय अधिकृत

## पशु सेवा शाखा तर्फका कार्यक्रमहरुः

| क्र. स. | कार्यक्रम/ कृयाकलाप | इकाई | आ.व. २०७९।०८० को प्रस्तावित वजेट | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | लागत | |
| १ | उपचार तथा परजिवी नियन्त्रण कार्यकम | | | | रु ८,५०,०००।- | |
| २ | खोप कार्यकम संचालन | | | | रु ४,००,०००।- | |
| ३ | कृत्रिम गर्भाधान कार्यकम | | | | रु २,००,०००।- | |
| ४ | हिउँदे /बर्षे घाँसको बिउ खरिद तथा वितरण कार्यकम | | | | रु १,२५,०००।- | |
| ५ | बैठक खर्च / कार्यक्रम अनुगमन | | | | रु २,००,०००।- | |
| ६ | सामुदायिक कुकुर व्यबस्थापन ( बन्ध्याकरण) तथा रेबिजरोग नियन्त्रण कार्यक्रम | | | | रु ३,००,०००।- | |
| ७ | एक वडा एक प्राविधिक अन्तर्गत स्थापना भएका सेवाकेन्द्रमा ट्रेविज निर्माण ( खोर ) तथा सेवाकेन्द्र स्थापनाका लागि | | | | रु २,००,०००।- | |
| ८. | तरल नाईट्रोजन कन्टेनर र रेफि खरिद | | | | रु ४,२५,०००।- | |
| ९ | आकस्मिक रोग तथा महामारी नियन्त्रण | | | | रु २,००,०००।- | |
| १० | छाडा चौपाया व्यवस्थापन | | | | रु १,००,०००।- | |
| | जम्मा | | | | रु ३०,००,०००।- | |

## पर्यटन तथा संस्कृति संरक्षण तर्फका कार्यक्रमहरुः

| क्र.स. | विवरण | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बन भगवती मन्दिर | १ | ५००००० | |
| २ | सपनेश्वर मन्दिर | १ | ५००००० | |
| ३ | स्रिके देवीस्थान मन्दिर | २ | ८००००० | |
| ४ | भिमसेन मन्दिर (काके) | ३ | ६००००० | |
| ५ | कालिदेवी मन्दिर | ३ | ५००००० | |

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| क्र.स. | विवरण | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| ६ | जलेश्वर महादेव कक्ष मन्दिर | ४ | १००००० |  |
| ७ | चप्लेटी पार्क निर्माण | ५ | ५००००० |  |
| ८ | क्षेत्रपाल देवी मन्दिर सिढी | ५ | ५००००० |  |
| ९ | राम मन्दिर, बनेपा | ६ | ५००००० |  |
| १० | भिमसेन मन्दिर , बनेपा | ६ | ५००००० |  |
| ११ | कृष्ण प्रणामी मन्दिर निर्माण | ७ | ८००००० |  |
| १२ | टुकम्पो गणेश मन्दिर | ८ | १०००००० |  |
| १३ | विश्वकर्मा मन्दिर निर्माण | ९ | १०००००० |  |
| १४ | राधाकृष्ण मन्दिर निर्माण | १० | ५००००० |  |
| १५ | ज्वालादेवी मन्दिर | १० | ५००००० |  |
| १६ | शारदादेवी मन्दिर | ११ | १०००००० |  |
| १७ | चुनादेवी मन्दिर | १२ | ४००००० |  |
| १८ | पंञ्चकन्या देवी मन्दिर | १३ | १०००००० |  |
| १९ | चतुरे चिहान डाँडा क्रियापत्री भवन निर्माण | १४ | १०००००० |  |
|  | जम्मा : |  | १३,१००,०००.०० |  |

इ. संस्थागत विकास तथा सुशासन समितिको बैठकबाट सिफारिस भए अनुसार:

न्यायिक समिति तर्फका कार्यक्रमहरुः

| क्र.सं. | कार्यक्रम | बजेट रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कानूनी साक्षरता (चौध वडा) | १४,००,०००। |  |
| २ | मेलमिलापकर्ता अध्ययन भ्रमण | ८,००,०००। |  |
| ३ | मेलमिलापकर्ताको पुनरताजगी तालिम | ५,००,०००। |  |
| ४ | न्यायिक समितिको क्षेत्राधिकार, मेलमिलापकर्ताको विवरण सहितको फ्लेक्स र परिचयपत्र | १,००,०००। |  |
| ५ | जनप्रतिधिलाई न्यायिक समितिसँग सम्बन्धित तालिम | ३,००,०००। |  |
| ६ | कानूनी सहायता | २,००,०००। |  |
| ७ | न्यायिक समितिको बैठक भत्ता र खाजा | ३,००,०००। |  |
| ८ | प्रत्येक वडामा मेलमिलापकर्ताको न्यायिक समिति र वडा समिति सहितको घुम्ती बैठक | १,००,०००। |  |
| ९ | ल्यापटप र फोटोकपी सहितको प्रिन्टर | १,५०,०००। |  |
| १० | दराज सहितको कानूनका किताबहरु | १,५०,०००। |  |
| ११ | स्कूटर (न्यायिक समिति) | २,५०,०००। |  |
| १२ | विविध | ७,५०,०००। |  |
|  | कुल जम्मा | ५०,००,०००। |  |

२. बनेपा नगरपालिकामा समावेश भएका स्थानीय तह पुनरसंरचना हुनु भन्दा अगाडीका गा.वि.स. हरुमा निर्माण भएका घर भवनहरुको अभिलेखिकरण गर्ने तथा बनेपा नगरपालिकाबाट नक्सा पास गराउनु पर्नेमा नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृत बेगर हेरफेर गरी बनाएका भवनहरुका हकमा समेत उपयुक्त समय दिई प्रचलित कानूनको परिपालना हुने गरी अभिलेखिकरण गर्ने तथा नक्सा पास गर्ने तथा निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्ने कार्यलाई बनेपा नगरपालिकाको नक्सा पास (विशेष व्यवस्था) सम्बन्धी कार्यविधि, २०७५ बमोजिम पुनः एक पटकका लागि अबसर प्रदान गर्न आवश्यक देखिएकाले उक्त कार्यविधिको दफा ११ को उपदफा (१) मा रहेको बढिमा दुई पटक मात्र भन्ने वाक्यांशलाई संसोधन गरी बढिमा तीन पटक मात्र भन्ने वाक्यांश कायम गरी सोही बमोजिम सार्वजनिक सूचना प्रकाशनको व्यवस्था मिलाउने निर्णय गरियो ।

३. बनेपा नगरपालिका क्षेत्रभित्र बन्ने घर भवनहरुका लागि नक्सापास गर्दा नयाँ घर तथा भवनहरुमा अनिवार्य सेफ्टिटैंकीको व्यवस्था गर्नु गराउनु हुन भनि मिति २०७९।५।८ मा यस नगरपालिकाबाट भएको परिपत्र कार्यान्वयनका क्रममा व्यवहारिक समस्या देखिएकोले उक्त मिति भन्दा अगाडी नक्सा पास गरी स्थायी इजाजत पत्र लिई सकेका सेवा ग्राहीका हकमा उल्लेखित प्राबधान अनिवार्य लागु नहुने व्यहोरा निर्णय गरियो ।

४. यस नगरपालिका क्षेत्रभित्र घर भवन निर्माणका लागि पास भएका नक्साहरु व्यवस्थापन गर्न कठिनाई भएकाले स्वीकृत बजेटको अधिनमा रही हाल अभिलेखमा रहेका तथा अब उप्रान्त पास हुने नक्सा समेत डिजिटाइजका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

५. यस नगरपालिकाको कानूनी सल्लाहकारका रुपमा विगत लामो समय देखि कार्यरत रहनु भएका अधिवक्ता श्री शरद कोइरालालाई माशिक रु. १०,०००। का दरले पारिश्रमिक उपलब्ध गराउने व्यवस्था रहेको र सोही अनुसार अघिल्लो आ.व. २०७८।०७९ र चालु आ.व. २०७९।०८० का लागि समेत बजेटको व्यवस्था समेत भएकोमा आ.व. २०७८।०७९ देखि कै पारिश्रमिक भुक्तानी छुट हुन गएकाले मिति २०७७ साल साउन १ गते देखि मिति २०७९ साल मंशिर मसान्त सम्म जम्मा १७ महिनाको पारिश्रमिक रु. १,७०,०००। भुक्तानी दिने । साथै यस नगरपालिकाका लागि आवश्यक पर्ने कानूनी परमर्श प्राप्त गर्ने र सेवा शुल्क भुक्तानी गर्ने सम्बन्धमा उपयुक्त कार्यविधि बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने र सो बमोजिमको कार्यविधि स्वीकृत नभएसम्मका अवधिका लागि यस नगरपालिकाका तर्फबाट मुद्दा दायर गर्न तथा प्रतिरक्षा गर्नका लागि कानून व्यवसायीको सेवा प्राप्त गर्दा लाग्ने मनासिब माफिकको सेवा शुल्क भुक्तान गर्ने गरी कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

६. बनेपा नगरपालिकाको नगर स्तरीय राजस्व परामर्श समितिको मिति २०७९।९।१९ को बैठकबाट सिफारिस भई आएका विषयका सम्बन्धमा छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) बनेपा नगरपालिका वडा नं. ५ मा रहेको चण्डेश्वरी बसपार्क तथा चण्डेश्वरी उद्यान सहितको बनभोज स्थल प्रयोग गर्दा लाग्ने शुल्क नगरपालिकाले निर्धारण गरेको दरमा असुल उपर गर्न पाउने गरी चार वर्षको समयावधिका लागि जम्मा रु. १९,००,०००। न्युनतम अंक कायम हुने गरी ठेक्का बन्दोबस्त मार्फत सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने ।

ख) बनेपा नगरपालिकाको आगामी आ.व. २०८०।०८१ का लागि प्रक्षेपित कुल रु. ३६,५६,६९,७००। आन्तरिक आय प्रक्षेपण अनुमोदन गर्ने ।

७. संघीय सरकारबाट आगामी आ.व. २०८०।०८१ का लागि उपलब्ध हुने समपुरक तथा विशेष अनुदान प्रयोजनका लागि योजना छनौट गरी पठाउने सम्बन्धमा छलफल गर्दा हरेक वडाले पेश गरेका योजना मध्ये तपसिल बमोजिमका योजना स्वीकृत गरी पठाउने निर्णय गरियो ।

<u>समपुरक अनुदान तर्फ</u>

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| प्राथमिकता क्र.सं | योजनाको नाम | वडा नं. | अनुमानित लागत रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | नाला घिमिरे गाउँ नगरकोट सडक | २ | ६,५०,००,०००। | |
| २ | भैंसेपाटी बासडोल पनौती सडक | १२ | २,५०,००,०००। | |
| ३ | साँगा आसापुरी सडक कालोपत्रे | १४ | २०,२३,००,०००। | बहुवर्षे योजना |
| ४ | श्रीखण्डमार्ग स्तरोन्नती अपुरो योजना पुल सहित | ६ | १,५२,००,०००। | |
| ५ | अमलडोल भञ्ज्याङ्ग पाण्डेगाउँ हुँदै धर्मज्योति सडक योजना | १ | ५,७५,००,०००। | |
| ६ | साहिटोलबाट बग्ने ढल र पिच कार्य | ९ | १,५५,००,०००। | |
| ७ | ज्वालादेवी मार्ग स्तरोन्नती | १० | ४,९०,००,०००। | |
| ८ | सिनागाल पाकुडोल धनेश्वर भुत्तेढुङ्गा हुँदै पनौती सडक | ११ | २७,००,००,०००। | बहुवर्षे योजना |
| ९ | भैंसेपाटी पुरानो बजार कालोपत्रे | १३ | १,००,००,०००। | |

**विशेष अनुदान तर्फ**

| प्राथमिकता क्र.सं | योजनाको नाम | वडा नं. | अनुमानित लागत रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कोल्ड स्टोर निर्माण | ३ | १०,००,००,०००। | बहुवर्षे योजना |
| २ | पाकुडोल खानेपानी | ७ र ११ | २,५०,००,०००। | |
| ३ | खानेपानी डिप बोरिङ | ८ | १,७५,००,०००। | |
| ४ | सिमल डाँडा खानेपानी डिप बोरिङ | ५ | १,७५,००,०००। | |
| ५ | ब्रम्हायणी पार्क निर्माण | ४ | ४,७०,००,०००। | |

८. यस नगरपालिकाका विभिन्न वडाबाट पेश भएका योजना तथा कार्यक्रमहरु विभिन्न कारणले संसोधन गर्नुपर्ने भई संसोधनका लागि लेखि आएका सम्बंन्धमा छलफल गर्दा सम्बन्धित वडा बाट भएको सिफारिसका आधारमा संसोधन गरी कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

९. बनेपा नगरपालिका वडा नं. १० मा सञ्चालित बृहत खानेपानी योजनाको कार्य गरिरहेका बासडोल निर्माण सेवा सप्लायर्स र ग्लोबल कन्स्ट्रक्सन एण्ड वाटर सप्लायर्स प्रा.लि. ले संझौता बमोजिमको अन्तिम बिल भुक्तानी माग गरी दिएको निवेदनका सम्बन्धमा छलफल गर्दा उल्लेखित निर्माण व्यवसायीले राखेको धरौटी रकम बाँकी रहने गरी प्राविधिकको मूल्याङ्कन अनुरुपको रकम भुक्तानी दिने निर्णय गरियो ।

१०. बनेपा नगरपालिकालाई बालमैत्री नगर घोषणाका लागि आवश्यक तयारी हुने क्रममा यस नगरपालिकाको मिति २०७८ चैत्र १४ मा सम्पन्न  नगपालिका स्थापना दिवसको अवसरमा वडा नं. ४,५,१०,११ र १३ वडालाई बालमैत्री वडा घोषणा गरी समग्र नगरलाई बालमैत्री उन्मुख नगर घोषणा गरिएको हुँदा चालु आ.व. २०७९।०८० मा बनेपा नगरपालिकाका वडा नं. १,७,८,९ र १२ लाई बालमैत्री वडा घोषणाका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

११. नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यवसाय प्रचलित कानून बमोजिम नगरपालिकामा व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्नेमा कतिपय व्यवसायहरु दर्ता नगरी सञ्चालन भएका तथा दर्ता भएका व्यवसायहरु समेत नविकरण नगरी सञ्चालन भएका पाइएकाले देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) यस अगाडी दर्ता भएका तर नविकरण नगरिएका व्यवसायका हकमा मिति २०७९ साल माघ मसान्तसम्म नविकरण गर्न आएमा नियमानुसार लाग्ने विलम्ब शुल्क छुट दिने,

ख) नगर क्षेत्रभित्र सञ्चालन भएका तर नविकरण नभएका व्यवसायहरु मिति २०७९ साल माघ मसान्तसम्ममा अनिवार्य रुपमा दर्ता गर्न आह्वान गर्ने,

ग) उल्लेखित बमोजिम गर्न गराउन आम नगरबासीको जानकारीका लागि सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराउने र दिइएको म्याद भित्र व्यवसाय दर्ता नगर्ने तथा नविकरण नगर्ने व्यवसायीका हकमा कानून बमोजिम कार्वाही गर्ने ।

१२. बागमती प्रदेश सरकारबाट चालु आ.व. २०७९।०८० का लागि विनियोजित पाउडर दुध उत्पादन प्लान्ट स्थापना शीर्षकबाट निर्माण हुने प्लान्ट स्थापनाका लागि बनेपा नगरपालिका वडा नं. ६, रातमाटे स्थित साविक श्रीखण्डपुर वडा नं. ४ हाल बनेपा नगरपालिका वडा नं. ६ मा पर्ने कि.नं. १०१ भएको साविकमा सामुदायिक भवन रहेको जग्गा उपयोग गर्न सम्बन्धित वडा समितिको कार्यालयबाट भएको सिफारिस समेतका आधारमा उल्लेखित बमोजिम जग्गा उक्त प्रयोजनका लागि उपयोग गर्न सहमति प्रदान गर्ने सम्बन्धमा छलफल हुँदा सो प्रयोजनका लागि उल्लेखित कि.नं १०१ को जग्गा उपलब्ध गराउन सहमति प्रदान गर्ने निर्णय गरियो ।

१३. बनेपा नगरपालिका वडा नं. ३ अन्तर्गत गोल्छा चोक देखि वडा कार्यालय भवनसम्म जाने सडक निर्माण र सेरा आकाशदेवी मार्ग सडक स्तरोन्नती योजना उपभोक्ता समिति मार्फत सञ्चालनका क्रममा सडक कालोपत्रे कार्य गर्दा स्वीकृत लागत स्टिमेट र स्पेशिफिकेसन भन्दा फरक ढंगले हुन गई भुक्तानी रोकीएका सम्बन्धमा छलफल गर्दा उप्रान्त पूर्व स्वीकृत बेगर लागत स्टिमेट र स्पेशिफिकेसन परिवर्तन गर्न नमिल्ने प्रबन्ध मिलाई उल्लेखित कार्यको प्राविधिक बाट भएको मूल्याङ्कनका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

१४. यस नगरपालिकाको आर्थिक वर्ष २०७८।०७९ को संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) तथा वित्तीय जोखिम मूल्याङ्कन (FRA) प्रयोजनका लागि हालसम्म भएको प्रगति समीक्षा गरियो । साथै तयार गरिएका विवरण समयमै प्रविष्ट गर्ने निर्णय गरियो ।

१५. यस नगरपालिकाको नगर पाश्वचित्र तयार गर्ने प्रयोजनका लागि स्मार्ट पालिका नामको संस्था र नगरपालिका बिच भएको संझौता बमोजिम कार्य सम्पादन भएकाले अन्तिम किस्ता भुक्तानी पाउँन भनि उक्त संस्थाले माग निवेदन गरेका सम्बन्धमा छलफल हुँदा भुक्तानीका लागि चौधै वडाबाट सिफारिस भई आए पछि अन्तिम किस्ता भुक्तानीको कारबाही अगाडी बढाउने निर्णय गरियो ।

१६. बनेपा नगरपालिका वडा नं. १० बस्ने भवानी हुमागाईको यसै महिना भएको आगलागीका कारण बसी आएको घर र सोमा रहेका सबै सरसामान जलेको अवस्था रहेको र अर्को घर बनाउन निजको आर्थिक अवस्था समेत कमजोर रहेको देखिएकाले निजले तत्काल बनाउने संरचना (भवन) का लागि लाग्ने जस्ता पाता नगरपालिकाले विपद् व्यवस्थापन शीर्षकबाट खर्च हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

१७. यस नगरपालिकाको नीति तथा कार्यक्रममा स्वीकृत अन्तर वडा मेयर कप फुटबल प्रतियोगित सञ्चालन गर्ने सम्बन्धमा छलफल हुँदा प्रतियोगिताको आयोजना अघिल्लो पटक मेयर कप जित्ने वडाको संयोजकत्वमा सञ्चालन गर्ने यस अगाडिको प्रचलन रहेको र अघिल्लो पटकको विजेता बनेपा नगरपालिका वडा नं. ६ रहेकोले यस वर्षको प्रतियोगिता सोही वडाको संयोजकत्वमा सम्पन्न गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

१८. बनेपा नगरपालिका वडा नं. ११ मा करार सेवामा कार्यरत तपसिलमा उल्लेखित कर्मचारीको म्याद समाप्त भएका मितिले २०८० साल असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

| | नाम थर | सेवा | तह/श्रेणी | पद | शुरू नियुक्ति मिति | लिङ्ग | स्थायी ठेगाना(जिल्ला, स्थानीय तह, वडा नं. समेत) , प्रयोग गरेर लेख्नुहोला | नियुक्तिको किसिम | मोवाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कविर दाहाल | प्रशासन | श्रेणी बिहिन | कार्यालय सहयोगी | २०७५।४।२० | पु | बनेपा ११ | करार | ९८६०३३७७४५ | |

प्रमुख प्रशासकीय अधिकृत

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

१९. यस नगरपालिका क्षेत्रभित्र रहेका तपसिल बमोजिमका सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष देहाय बमोजिम तोक्ने निर्णय गरियो ।

क) श्री रामप्रसाद दाहाल-श्री रत्न चुडेश्वरी मा.वि. , बनेपा २

ख) श्री दिपक घिमिरे-श्री स्वेत बराह मा.वि. , बनेपा २

ग) श्री होमप्रसाद तिमल्सिना- श्री हिमालय मा.वि., बनेपा ५

२०. विभिन्न संघसंस्थाले कार्यक्रम सञ्चालन खर्च माग गरिदिएका निवेदन उपर छलफल गर्दा देहाय बमोजिम गर्ने आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

| क्र.सं. | संस्थाको नाम | कार्यक्रम | सहयोग रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रिय नेवाः एकता दिवस मुल समारोह समिति, बनेपा | कार्यक्रम सञ्चालन खर्च | १,००,०००। | |
| २ | नेपाल क्योकोसिन सेइसिन काइकान कराते एशोसिएसन, काठमाण्डौ | एसियन फुलकन्ट्याक्ट कराँते प्रतियोगिता २०२३ मा सहभागितका लागि | ५०,०००। | |
| ३ | काफलबोट तमु (गुरुङ्ग) समाज, बनेपा ३ | तमु ल्होसार कार्यक्रम आयोजना | ७०,०००। | |
| ४ | जीवन यापनको पहुँचतका लागि पुनर्स्थापना र शिक्षा नेपाल | दृष्टिबिहिन बालबालिकाहरुका लागि आर्थिक सहयोग | १०,०००। | |

२१. भक्तेश्वर आ.वि. बनेपा ६ को विद्यालय भवन तला थपका लागि लागत स्टिमेट रकम रु. ७२,००,०००। र श्री शुभचामुण्डा मा.वि. बनेपा ३ को विद्यालय भवन निर्माणका लागि लागत स्टिमेट रकम रु. ३२,२९,३९३। लागत लाग्ने भई उक्त रकम जिल्ला समन्वय समिति, काभ्रेबाट व्यहोर्दा लाग्ने चालीस प्रतिशत लागत सहभागिता बापतको रकम यस नगरपालिकाबाट व्यहोर्ने गरी जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोकमा गरिएको पत्राचारको व्यहोरा अनुमोदन गर्ने निर्णय गरियो ।

२२. स्थानीय तह पुनरसंरचना पछि बनेपा नगरपालिकाको कार्यक्षेत्रका साथै संगठन र जनशक्ति समेत बृद्धि भएको परिप्रेक्षमा हाल बनेपा नगरपालिका वडा नं. ८ मा रहेको साविकको कार्यालय भवन अप्रयाप्त भएको अवस्था छ । साथै हाल कार्यालय रहेको परिसर व्यवसायिक महत्वको क्षेत्र समेत भएको अवस्थामा कार्यालका साथै अन्य व्यवसायिक प्रयोजनको भवन निर्माण गर्न सकिएमा कार्यालय सञ्चालनमा सहजता हुनाका साथै आय आर्जनमा पनि मद्दत पुग्ने भएकाले हाल कार्यालय रहेको क्षेत्र समेत समेटेर बहुउद्देश्य प्राप्ति हुने गरी नयाँ भवन (Multi Purpose Building) निर्माण गर्न उपयुक्त हुने भएकाले नगर विकास कोष मार्फत डिपिआर तयार गरिदिन यस अगाडी नै भएको पत्राचारको व्यहोरा अनुमोदन गर्ने निर्णय गरियो ।

२३. बनेपा नगरपालिका वडा नं. १ मा पर्ने छाडछुङ्गे कौडोल खानेपानी आयोजनाको स्मिट रिभाइज्ड गरिदिन भनि सम्बन्धित वडा कार्यालयबाट लेखी आएकाले उक्त बमोजिम रिभाइज्ड स्टिमेट स्वीकृत गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत